## बैठक नं. ३९

आज मिति २०८१ साल श्रावण ३१ गते बिहिबार यस कीर्तिपुर नगरपालिकाका का.वा.नगरप्रमुख श्री शुभलक्ष्मी शाक्यज्युको अध्यक्षतामा, नगर कार्यपालिकाको बैठक, नगरपालिकाको सभाकक्षमा देहाय बमोजिमको उपस्थितिमा बसी निम्न बमोजिमका निर्णयहरु गरियो।

| सि.न. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | का.वा.अध्यक्ष, प्रमुख | श्री शुभलक्ष्मी शाक्य (सुनिता) | |
| २ | सदस्य, का.वा.अध्यक्ष वडा नं. १ | श्री जमुना महर्जन | |
| ३ | सदस्य, का.वा.अध्यक्ष वडा नं. २ | श्री शर्मीला श्रेष्ठ महर्जन | |
| ४ | सदस्य, अध्यक्ष वडाल नं. ३ | श्री सुविन्द्र महर्जन | |
| ५ | सदस्य, का.वा. अध्यक्ष वडा नं. ४ | श्री दिनेश चन्द्र दाहाल | |
| ६ | सदस्य, अध्यक्ष वडा नं. ५ | श्री राजेन्द्र कुमार महर्जन | |
| ७ | सदस्य, अध्यक्ष वडा नं. ६ | श्री खीरमान सिंह वस्नेत ( पृथ्वी ) | |
| ८ | सदस्य, अध्यक्ष वडा नं. ७ | श्री दिवाकर अधिकारी | |
| ९ | सदस्य, अध्यक्ष वडा नं. ८ | श्री सानु मैया महर्जन | |
| १० | सदस्य, अध्यक्ष वडा नं. ९ | श्री दिनेश श्रेष्ठ | |
| ११ | सदस्य, अध्यक्ष वडा नं. १० | श्री नरेश महर्जन | |
| १२ | सदस्य | श्री हरिराम बोगटी | |
| १३ | सदस्य | श्री पवित्रा विष्ट | |
| १४ | सदस्य | श्री विमला थापा (कार्की) | |
| १५ | सदस्य | श्री राजिता गौतम महर्जन | |
| १६ | सदस्य | श्री राज्यलक्ष्मी श्रेष्ठ शाक्य | |
| १७ | सदस्य | श्री सुजाता सुनाम | |

| सि.न. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १८ | सदस्य सचिव | श्री माधब प्रसाद ढकाल | |

| आमन्त्रित व्यवस्थापन कर्मचारीहरुः | | | |
|---|---|---|---|
| सि.न. | पद | नाम, थर | दस्तखत |
| १ | लेखा अधिकृत | श्री प्रविनकुमार शाही | |
| २ | वरिष्ठ अधिकृत सातौ | श्री जनक थापा | |
| ३ | अ.छैठौं | श्री अकिल अमात्य | |
| ४ | उप प्रमुख सचिवालय | श्री केशब महर्जन | |
| | | | |

<u>प्रस्तावहरु</u>

१) संगठन संरचना (O and M) सम्बन्धमा ।

२) सचिवालयमा कर्मचारी नियुक्ति सम्बन्धमा ।

३) विविध

निर्णय नं . १
यस अधि नगरकार्यपालिकाबाट भएका निर्णयको कार्यान्वयनका अवस्थाको छलफल सहित समीक्षा गरियो ।

निर्णय नं . २
यस नगर कार्यपालिकाको कार्यालयको संगठन ढाँचा सम्बन्धमा स्थानीय सरकार सन्चालन ऐन, २०७४ को परिच्छेद-११, प्रशासकीय सङ्गठन ढाँचा र कर्मचारी व्यवस्था सम्बन्धी व्यवस्था गरिएको र उक्त ऐनको दफा ८३ मा नगरपालिकाको आफ्नो कार्यबोझ, राजश्व क्षमता, खर्चको आकार, स्थानीय आवश्यकता र विशिष्ठता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भए पश्चात सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा सङ्गठन संरचना कायम गर्ने उल्लेख भएकोमा हाल समायोजनको कार्य समेत समाप्त भईसकेकोमा चालू आ.व. मा कर्मचारीको तलव भत्तामा खर्च गर्ने र संगठन तथा व्यवस्थापन सर्वेक्षण समय सापेक्ष परिमार्जन गरी कार्यालयको संगठनात्मक संरचना र आवश्यक दरवन्दी संख्या यकिन गर्न स्थानीय प्रशिक्षण प्रतिष्ठान, जावलाखेल, ललितपुर र नगरपालिकाको सहकार्यमा तयार भएको मस्यौदा कार्यपालिका बैठकमा छलफलका लागि पेश भयो सो विषयमा आवश्यक अध्ययन गरी आगामी बैठकवाट स्वीकृतिका लागि प्रकृया अगाडी वढाउने निर्णय गरियो ।

निर्णय नं. ३
कीर्तिपुर नगरपालिका नगर क्षेत्र भित्र संकलन तथा उत्पादन भै व्यवसायिक उपयोग हुने वस्तुहरुमा जडिबुटी,कवाडी र जीवजन्तु कर संकलन गर्न चालू आ.व. २०८१/०८२ को लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६१ को व्यवस्था तथा नेपालको संविधानले दिएको अधिकार र कीर्तिपुर नगरपालिकाको कार्यपालिकावाट स्वीकृत आन्तरिक आय ठेक्का वन्दोवस्ती सम्वन्धी कार्यविधि, २०८१ को अधिनमा रही कार्यान्वयनका लागि बैठकमा नगरस्तरीय राजश्व परमर्श समितिवाट पेश हुन आएको दररेट तथा कवाडी कर मू.अ.कर वाहेक रकम रु.१५,००,०००/- (पन्ध्र लाख) न्यूनतम ठेक्का रकम कायम गर्ने गरी ठेक्का प्रक्रिया अगाडी वढाउन स्वीकृति दिने निर्णय गरियो ।

निर्णय नं. ४
नगरपालिकामा दैनिक ज्यालादारीमा कार्यरत कर्मचारीहरूलाई सम्वन्धित तहको लागि तोकिएको आधारभूत तलबस्केल उपलब्ध गराउने गरी मासिक ज्यालादारीमा परिणत गर्ने निर्णय गरियो ।

निर्णय नं . ५
नगर उपप्रमुखज्यूले कार्यवाहक नगर प्रमुखको समेत जिम्मेवारी सम्हाल्नु पर्ने अवस्था सृजना हुँदा सचिवालयमा कर्मचारी अपुग भएका कारण कार्यसम्पादनमा समस्या भएकोले सहायक पाँचौ तहको लागि तोकिएको आधारभूत पारिश्रमिक उपलब्ध गराउने गरी मासिक ज्यालादारीमा एक जना कर्मचारी नियुक्ति गर्ने निर्णय गरियो ।

निर्णय नं. ६
कीर्तिपुर नगरपालिका र एकिकृत सहरी विकास केन्द्र (CIUD) को सहकार्यमा प्लास्टिकजन्य फोहोरमैला व्यवस्थापन कार्यका अध्ययन गरी प्रतिवेदन पेश गर्न ३८औं नगर कार्यपालिकाको निर्णयानुसार वन, वातावरण तथा विपद् व्यवस्थापन समितिलाई जिम्मेवारी तोकिएबमोजिम समितिका संयोजक तथा ६ नं. वडा अध्यक्ष श्री खिरमान सिंह बस्नेत (पृथ्वी)वाट बैठकमा पेश हुन आएको प्रतिवेदन उपर व्यापक छलफल सहित नगरपालिकाको तर्फबाट निर्माण गर्नुपर्ने पूर्वाधार निर्माण उपयुक्त स्थानमा तयार गर्ने र सो सम्वन्धी अन्य कार्य CIUD बाट गर्ने गरी सम्झौताको प्रकृया अगाडी वढाउन स्वीकृति दिने निर्णय गरियो ।